**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको तीन दिवसीय भ्रमणको क्रममा आज ऐतिहासिक सोमनाथ स्वाभिमान पर्वमा भाग लिनुहुनेछ।
- गृहमन्त्री अमित शाह आज केरलको एक दिवसीय भ्रमणमा हुनुहुन्छ। श्री शाहले आज बिहान श्री पद्मनाभस्वामी मन्दिरमा पूजा-अर्चना गर्नुहुनेछ |
- केन्द्रीय सञ्चार मन्त्री ज्योतिरादित्य सिन्धियाले हिजो भारतीय डाकका दुई नयाँ सेवाहरू - 'स्पीड पोस्ट २४' र 'स्पीड पोस्ट ४८' घोषणा गर्नुभयो।
- वित्तमन्त्री निर्मला सीतारमणले हिजो नयाँ दिल्लीमा राज्य तथा केन्द्र शासित प्रदेशहरूसँग बजेट-पूर्व परामर्श बैठक गर्नुभयो। राज्य तथा केन्द्र शासित प्रदेशका वित्तमन्त्रीहरू र अन्य मन्त्रीहरू पनि सहभागी थिए।
- भारत र न्युजिल्याण्डबीचको तीन म्याचको एकदिवसीय शृङ्खलाको पहिलो खेल आज गुजरातको बडोदरामा खेलिनेछ।

**प्रधानमन्त्री गुजरात भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको तीन दिवसीय भ्रमणको क्रममा आज ऐतिहासिक सोमनाथ स्वाभिमान पर्वमा भाग लिनुहुनेछ। यो १०२६ मा सोमनाथ मन्दिरमा भएको पहिलो आक्रमणको एक हजार वर्षा पूरा भएको र स्वतन्त्रता पछि १९५१ मा यसको पुनर्निर्माणको ७५ औं वर्षा पूरा भएको अवसरमा आयोजना गरिएको हो।

आज, श्री मोदीले मन्दिरको रक्षा गर्दै आफ्नो जीवन बलिदान दिनेहरूको सम्मानमा आयोजना गरिएको शौर्य यात्रामा भाग लिनुहुनेछ। उहाँले सोमनाथ मन्दिरमा पूजा-अर्चना पनि गर्नुहुनेछ। त्यसपछि उहाँले सोमनाथमा एक जनसभालाई सम्बोधन गर्नुहुनेछ। त्यसपछि, श्री मोदीले राजकोटमा भाइब्रेन्ट गुजरात क्षेत्रीय सम्मेलनको उद्घाटन गर्नुहुनेछ।

हिजो साँझ सोमनाथ पुगेपछि, प्रधानमन्त्रीले ओंकार मन्त्र पाठमा भाग लिनुभयो र मन्दिर परिसरमा आयोजित ड्रोन शो हेर्नुभयो। हाम्रा संवाददाताले बताए अनुसार यो ऐतिहासिक उत्सवहरूमा ठूलो संख्यामा श्रद्धालुहरूले भाग लिइरहेका छन्।

**अमित शाह**

गृहमन्त्री अमित शाह आज केरलको एक दिवसीय भ्रमणमा हुनुहुन्छ। हिजो राति तिरुवनन्तपुरम पुगेपछि नगर निगमको नवनिर्वाचित मेयर वी.भी. राजेश, केरल भाजपा अध्यक्ष राजीव चन्द्रशेखर र अन्य वरिष्ठ नेताहरूले विमानस्थलमा श्री शाहलाई स्वागत गरे। उहाँले आज स्थानीय निकायको चुनाव जितेका भाजपा प्रतिनिधिहरूसँग बैठक गर्नुहुनेछ।

श्री शाहले आज बिहान श्री पद्मनाभस्वामी मन्दिरमा पूजा-अर्चना गर्नुहुनेछ र दिउँसो केरला कौमुदी संगोष्ठीमा भाग लिनुहुनेछ।

**बजेट-पूर्व परामर्श**

वित्तमन्त्री निर्मला सीतारमणले हिजो नयाँ दिल्लीमा राज्य तथा केन्द्र शासित प्रदेशहरूसँग बजेट-पूर्व परामर्श बैठक गर्नुभयो। बैठकमा वित्त राज्यमन्त्री पंकज चौधरी, मणिपुरका राज्यपाल , गोवा, हरियाणा, मेघालय, सिक्किम, दिल्ली र जम्मू-कश्मीरका मुख्यमंत्री तथा अरुणाचल प्रदेश, मध्य प्रदेश, ओडिशा, राजस्थान र तेलंगानाका उपमुख्यमन्त्रीहरू उपस्थित थिए।

बैठकमा राज्य तथा केन्द्र शासित प्रदेशका वित्तमन्त्रीहरू र अन्य मन्त्रीहरू पनि सहभागी थिए।वित्त मन्त्रालयले सहभागीहरूले संघीय बजेट २०२६-२७ को लागि वित्तमन्त्रीलाई धेरै सुझावहरू दिएको बताएको छ। धेरै सहभागीहरूले बढ्दो कोष भएका राज्यहरूको लागि विशेष पूँजी लगानी समर्थन योजना जारी राख्न सुझाव दिए। २०२०-२१ देखि, सरकारले यस योजना अन्तर्गत राज्यहरूलाई ४.२५ लाख करोडभन्दा बढी रकम जारी गरिसकेको छ।वित्तमन्त्रीले सबै प्रतिनिधिहरूलाई बजेट तयार गर्दा उनीहरूको सुझावहरू विचार गरिने आश्वासन दिनुभयो।संसदको बजेट सत्र यस महिनाको २८ तारिखमा सुरु हुने तय भएको छ।

**भारतीय बचाव - म्यांमार**

नौकरीको आश्वासन दिएर म्यानमार लगिएका र साइबर ठगी गर्न बाध्य पारिएका २७ जना नागरिकलाई भारत फिर्ता ल्याइएको छ। उनीहरू हिजो दिल्ली आइपुगे र उनीहरूलाई उनीहरूको गृहनगर पठाइएको छ।

**डी.जी.सी.ए.-विमान दुर्घटना**

नागरिक उड्डयन महानिर्देशनालयले ओडिशामा लैंडिंगको क्रममा भएको विमान दुर्घटनाको छानबिन **विमान दुर्घटना जांच ब्यूरो**ले गर्ने बताएको छ। महानिर्देशनालयले हिजो राउरकेला नजिकै इन्डिया-वन एयर सेस्ना विमान दुर्घटनाग्रस्त भएको बताएको छ। विमान हिजो दिउँसो भुवनेश्वरबाट उडेको थियो। केही प्राविधिक गडबडीका कारण दिउँसो १ बजेर २० मिनटमा कानसोर नजिकै अवतरण गर्नुपरेको थियो। महानिर्देशनालयले यो स्थान राउरकेला विमानस्थलबाट लगभग १५-२० किलोमिटर पूर्वमा रहेको बताएको छ। विमानमा सवार चार यात्री र दुई चालक दलका सदस्यहरू सुरक्षित छन्।

**प्रगति**

सक्रिय सुशासन र योजनाहरूको समयमै कार्यान्वयनको लागि प्रधानमन्त्रीको प्रमुख तंत्र-प्रगतिले आफ्नो ५० औं बैठकसँगै महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। २०१५ मा प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा सुरु गरिएको, यसले प्रधानमन्त्रीद्वारा प्रत्यक्ष समीक्षा र अनुगमन मार्फत पूर्वाधार परियोजनाहरूको समयमै अनुगमन र जनगुनासोहरूको समाधान गर्न सक्षम बनाएको छ। केन्द्र, राज्य र केन्द्रीय मन्त्रालयहरूलाई एउटै डिजिटल प्लेटफर्ममा ल्याएर, सहकारी संघीयताको उदाहरण प्रस्तुत गरेको छ। एक दशक भन्दा बढी समयदेखि, प्रगतिले निर्णय लिने कार्यलाई तीव्र बनाएको छ, परियोजना ढिलाइका कारणहरूलाई सम्बोधन गरेको छ र जवाफदेहिता सुनिश्चित गरेको छ। आज, यस विशेष श्रृंखलामा, हामी रेलवे मन्त्रालयको जबलपुर- गोंडिया गेज रूपान्तरण परियोजनाको बारेमा जानकारी प्रस्तुत गर्दैछौं।

( byte)

**ब्रिटेन-बांग्लादेश**

ब्रिटेनकी छायाँ विदेश सचिव प्रीति पटेलले बंगलादेशमा भइरहेको हिंसा र अस्थिरताप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको छ। उहाँले बंगलादेशमा शान्ति पुनर्स्थापना गर्न र अल्पसंख्यकहरू, विशेष गरी हिन्दूहरूको सुरक्षा सुनिश्चित गर्न ब्रिटिश सरकारलाई आफ्नो अन्तर्राष्ट्रिय प्रभाव प्रयोग गर्न आग्रह गर्नुभएको छ।एक ब्रिटिश भारतीय विपक्षी कन्जरभेटिभ सांसदले हिजो सामाजिक सञ्जालमा विदेश सचिव यवेट कूपरलाई लेखेको पत्र साझा गर्दै लेबर पार्टी सरकारलाई सदनमा यस विषयमा बयान दिन आग्रह गर्नुभएको छ। कूपरलाई लेखेको पत्रमा, उहाँले हालैका हप्ताहरूमा १८ दिनको अवधिमा कम्तिमा छ जना हिन्दूहरूको हत्या भएको रिपोर्ट उद्धृत गर्नुभएको छ। यसैबीच, विदेश मन्त्रालयले बंगलादेशमा अल्पसंख्यकहरूमाथि बारम्बार आक्रमण हुने चिन्ताजनक प्रवृत्तिको निन्दा गरेको छ।

**ईरान विरोध प्रदर्शन**

इरानी अधिकारीहरू र इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्सले अशान्ति अन्त्य गर्न थप बल प्रयोग गर्न सक्ने स्पष्ट पारेको छ। उनीहरूले प्रदर्शनकारीहरूलाई "विदेशी सेना" र "आतंकवादी" को आदेशमा काम गरेको आरोप लगाएका छन्। इरानभरि हिंसाका नयाँ रिपोर्टहरू आएका छन्, यद्यपि इन्टरनेट बन्द भएका कारण अशान्तिको पूर्ण स्थिति आकलन गर्न गाह्रो थियो।

( BYTE)

**मौसम**

मौसम  विभागले आज दिल्ली, पञ्जाब, हरियाणा र चण्डीगढमा बाक्लो कुहिरो लाग्ने अनुमान व्यक्त गरेको छ। बिहार, हिमाचल प्रदेश, जम्मू-कश्मीर, लद्दाख, गिलगिट-बाल्टिस्तान र मुजफ्फराबादमा पनि बाक्लो कुहिरो लाग्ने अनुमान गरिएको छ। राजस्थान, उप-हिमालयी पश्चिम बंगाल, सिक्किम, उत्तर प्रदेश र उत्तराखण्डमा पनि यस्तै अवस्था रहनेछ। मौसम विभागले ओडिशामा शीतलहरको पूर्वानुमान गरेको छ। विभागले तमिलनाडु, पुडुचेरी र कराइकलमा पनि भारी वर्षा हुने सम्भावना व्यक्त गरेको  छ।

**भारत-न्यूजीलैंड एक दिवसीय**

भारत र न्युजिल्याण्डबीचको तीन म्याचको एकदिवसीय शृङ्खलाको पहिलो खेल आज गुजरातको बडोदरामा खेलिनेछ। खेल दिउँसो १ बजेर ३० मिनट सुरु हुनेछ। टिममा रोहित शर्मा र विराट कोहली पनि समिल छन्। चोटका कारण ऋषभ पन्त यस शृङ्खला बाट बहिरेका छन्। एकदिवसीय शृङ्खलाको कप्तानी शुभमन गिलले गर्नेछन्।

दोस्रो एकदिवसीय म्याच १४ जनवरीमा राजकोटमा खेलिनेछ भने तेस्रो तथा अन्तिम मञ्च १४ जनवरीमा इन्दौरमा खेलिनेछ।